# राजस्व सुधार कार्ययोजना
# २०७९/८०–२०८१/८२

पाँचखाल नगरपालिका




# पाँचखाल नगरपालिका
# काभ्रेपलाञ्चोक जिल्ला
# २०७९

## प्रतिवेदन तयारी

| | |
|---|---|
| **शीर्षकः-** | पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक जिल्लाको राजस्व सुधार कार्ययोजना |
| **सहयोगः-** | श्री प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश, नेपाल |
| **तयार गर्नेः-** | **क्युव-पाथवे-भूगोल जे.भी. विशालनगर, काठमाण्डौ** |
| **मितिः-** | असार, २०७९ |

# कृतज्ञता ज्ञापन

पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक जिल्लाको राजस्व सुधार कार्ययोजना तयार गर्न क्युव-पाथवे-भुगोल जे.भी., विशालनगर, काठमाडौँलाई जिम्मेवारी दिनुहुने बागमती प्रदेश प्रशिक्षण प्रतिष्ठान, कार्ययोजना तयार गर्नका लागि सहयोग पुऱ्याउनु हुने पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक जिल्लाको नगर प्रमुख श्री महेश खरेल, उप प्रमुख श्री सुर्यमाया दनुवार, पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक जिल्ला कार्यपालिका सदस्य तथा निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा नगरपालिका परिवार प्रति परामर्शदाताका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौँ ।

**क्युव-पाथवे-भूगोल जे.भी., विशालनगर, काठमाडौँ**

# विषय सूची


**परिच्छेद एक – परिचय** १

१.१ पृष्ठभूमि १
१.२ राजस्व सुधार योजनाको औचित्य २
१.३ राजस्व सुधार कार्ययोजनाको उद्देश्यहरू ३
१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ४
१.५ अध्ययनको सिमा ६

**परिच्छेद दुईः नगरपालिकाको सक्षिप्त परिचय** ८

२.१ नगरपालिकाको गठन तथा नामांकरण ८
२.२ प्रशासनिक विभाजन ८
२.३ भौगोलिक तथा प्राकृतिक अवस्था ९
२.४ वडागत रुपमा घरधुरी तथा जनसंख्या ९
२.५ आर्थिक अवस्था १०
२.६ नगरपालिकाको मानवीय संशाधन १३
२.७ भौतिक सम्पत्तिको अवस्था १४

**परिच्छेद तीन – स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** १६

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १६
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था २०
३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २२
  ३.३.१ कर राजस्व २३
  ३.३.२ गैरकर राजस्व २९

**परिच्छेद चार – आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था** ३७

४.१ राजस्व परिचालन सम्बन्धी नीति ३७
  ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ३७
४.२ आय सङ्कलनको संस्थागत क्षमता
  ४.२.१ स्थानीय राजस्व परामर्श समिति ४०
  ४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन ४०
४.३ नगरपालिकाको आन्तरिक आय परिचालन ४१
४.३ विगतको राजस्व सङ्कलनको अवस्था ४२
४.५ राजस्व परिचालनमा रहेका सवालहरू ४२

**परिच्छेद पाँच – राजस्व सुधार कार्ययोजना** ४५

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ४५

**परिच्छेद छ – आगामी तीन वर्षको आय प्रक्षेपण** ४९

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ४९

**परिच्छेद सात – अपेक्षित आय** ५९

**परिच्छेद आठ – अनुगमन तथा मूल्याङ्कन** ६०

**अनुसूचीहरू** ६२
अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची ६३
अनुसुची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र तथा माइनुट ६६
अनुसूची ३: कार्यक्रममा सहभागीहरुको सूची तथा कार्य सम्पन्न पत्र ६९
अनुसूची ४: कार्यक्रमको फोटोहरु ७२
अनुसूची ५: संकलित तथाङ्कको नमूना ७४

## तालिकाहरुको सूची


तालिका १: वडा कार्यालय रहेको स्थान र स्वामित्व सम्बन्धी ८
तालिका २: वडा अनुसार जनसंख्या विवरण १०
तालिका ३: नगरपालिकामा हाल कार्यरत कर्मचारीको विवरण १४
तालिका ४: नगरपालिकाको भौतिक सम्पत्तिको विवरण १५
तालिका ५: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २१
तालिका ६: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २३
तालिका ७: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २६
तालिका ८: राजस्व परिचालनको संस्थागत तथा नीतिगत विश्लेषण ३८
तालिका ९: राजस्व परामर्श समिति ४०
तालिका १०: राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण ४०
तालिका ११: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ४१
तालिका १२: विगत ३ वर्षको आय विवरण ४२
तालिका १३: कर राजस्व सुधार कार्ययोजना ४५
तालिका १४: गैरकर राजस्व सुधार कार्ययोजना ४६
तालिका १५: गैरकर राजस्व सुधार योजना ४८
तालिका १६: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण ४९
तालिका १७: नगरपालिकाको आगामी ३ आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण ५२
तालिका १८: नगरपालिकाको अपेक्षित आय संक्षेपमा ५९
तालिका १९: अनुगमन कार्यान्वयन तालिका ६१


## चित्र सूची


चित्र १: सङ्घ र प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण ३
चित्र २: नगरपालिकाको भौगोलिक अबस्थिति ९
चित्र ३: नगरपालिकाको संगठन संरचाना १३
चित्र ४: तहगत राजस्व अधिकार १६
चित्र ५: राजस्व तथा करका विभिन्न शीर्षकहरु २२
चित्र ६: अनुगमन तथा मूल्याङ्कन कार्य विधि ६०

# परिच्छेद एक – परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको सरकारको कार्य जिम्मेवारी निर्धारण गरेको छ । संविधानले तीन तहका सरकारहरुबिच अधिकार बाँडफाँड गरी उक्त अधिकारको कार्यान्वयनका लागि वित्तीय स्रोतको व्यवस्था गरेको छ । नेपालको संविधान (भाग १९, अनुसूचि ८) मा आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरिए अनुरुप स्थानीय तहहरुले राजस्व अधिकारको प्रयोग गरी कर तथा गैरकर सङ्कलनका आधारभूत मान्यता अनुरुप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन् । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानुन बमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ । त्यसैगरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय तहलाई विभिन्न किसिमका राजस्वको श्रोत, सम्भाव्य राजस्वको पहिचान, सङ्कलन, राजस्व बाँडफाँडको अधिकारको प्रत्यायोजन गरेको छ । खासगरि स्थानीय तहको उद्देश्य भनेको स्थानीय तहलाई वित्तीय रूपमा सबल बनाउने, स्थानीय तहको खर्च व्यवस्थापन गर्ने र स्थानीय तहमा सुशासनको प्रत्याभूती गराउने पनि हो ।

अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान स्थानीय तहले प्राप्त गर्दछन् । त्यसैगरी सङ्घ तथा प्रदेश सरकारबाट असुल हुने राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमको निश्चित प्रतिशत स्थानीय तहलाई बाँडफाँड हुने प्रावधान रहेको छ । यी अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त रकमले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा हुन सक्दैन । खर्च आवश्यकता र स्रोतका बिच अन्तर कम गर्न राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबिच बाँडफाँड गरिएको छ । सङ्घीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएको छ । नेपाल सरकारको पूर्व स्वीकृतिमा स्थानीय तहहरुले आफ्नो बजेट व्यवस्थापन गर्न ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ । नेपाल सरकारले ऋण लिने पूर्व स्वीकृतिको आधार सम्बन्धित स्थानीय तहको आन्तरिक स्रोतको परिमाण र दिगोपनालाई मानिएको छ ।

स्थानीय तहहरुले आफूलाई तोकेको कार्य र जिम्मेवारी पूरा गर्नको लागि वित्तीय दृष्टिले सक्षम हुनु पर्दछ । वर्तमान अवस्थासम्म अधिकांश स्थानीय तहहरु सङ्घ र प्रदेशबाट प्रदान गरिएको बाह्य श्रोतमा निर्भर रहेको देखिन्छ । संविधान र कानुनबाट प्राप्त अधिकारलाई उपयोग गर्ने क्रममा स्थानीय तहहरू प्रदेश र सङ्घको मुख मात्रै ताक्ने र आन्तरिक श्रोत र राजस्व परिचालनमा लामो समय उदासिन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय तहको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन । यसबाट छुट्कारा पाउनको लागि स्थानीय तहहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा कानुन सम्मत ढगंले वृद्धि गर्नुपर्ने अपरिहार्य आवश्यकता रहन्छ । उल्लेखित कार्य गर्नको लागि स्थानीय तहहरूसँग राजस्व सुधार कार्य योजनाको खाँचो देखिन्छ ।

यही खाँचोलाई पूरा गर्ने सन्दर्भमा बागमती प्रदेश अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरू पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यो कार्ययोजनाले स्थानीय तहलाई आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजस्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाई बजेट तर्जुमा प्रक्रियालाई थप व्यवस्थित गर्न मद्दत मिल्ने विश्वास लिईएको छ ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

नेपालको संविधानले नेपालको राज्य सङ्रचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था गरेको छ । देशमा सङ्घीयता आएपछि पहिले केन्द्रले दिने रकम तथा बजेटमा मात्र आश्रित स्थानीय तहहरूलाई पनि आफैंले राजस्व सङ्कलन गर्न सक्ने अधिकार प्रत्याभूत गरिएको छ । त्यसैले स्थानीय सरकारलाई सङ्घ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व विनियोजन बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी सङ्घसंस्थाबाट अनुदान रकम प्राप्त गर्नसक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरणलाई व्यवस्थापन गरिनुका साथै स्थानीय सरकारले कर लगाउदा वैज्ञानिक करका आधारभूत मान्यताहरूका आधारमा कर करदाताले तिर्न सक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, स्वेछिक रूपमा कर तिर्न प्रेरीत हुने वातावरण सिर्जना गर्न र करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय सरकारको आन्तरिक राजस्व सुधार कार्य योजनाको निर्माण अपरिहार्य छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन (२०७४) ले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई व्यवस्थित तरिकाले कार्यान्वयन गर्न सक्ने क्षमता सबैमा विकास भइसकेको छैन । यसको पछाडी अनेक कारणहरू हुनसक्छन जस्तै सङ्घीय सङ्रचनाको अभ्यास नयाँ हुनु, आयका स्रोतहरूको पहिचान गर्नसक्ने खालको दक्ष जनशक्ति अधिकांश स्थानीय तहहरूमा नहुनु, स्थानीय तहहरूसँग रहेका सम्भाव्य स्रोतहरूका बारेमा तथ्याङ्क नहुनु, राजस्व सङ्कलन र त्यसको बाँडफाँड बारेमा जनतालाइ बुझाउन नसक्नु, स्थानीय तहमा राजस्वको दायरा बृद्घि गर्ने सम्बन्धमा स्थानीय तहको नेतृत्वको इच्छाशक्ति कम हुनु आदि ।

राजस्व परिचालनको सन्दर्भमा माथि उल्लिखित अवस्थाहरूमा सुधार ल्याउनका लागि आन्तरिक आयको अवस्था विश्लेषण गरी सुधारका उपायहरू पहिचान गर्नु, राजस्वका दायरा बदाउन सकिने बृद्घिका सम्भावनाहरूको खोजी गर्नु, राजस्व प्रशासनको विद्यमान सङ्गठनात्मक सङ्रचनाको विश्लेषण गर्दै सुधारका ठोस आधारहरू पहिल्याउन, र आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्नु नितान्त जरूरी हुने हुँदा बागमती प्रदेश अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार पारिएको छ ।




चित्र १: सङ्घ र प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण

पाँचखाल नगरपालिकाको राजस्व सुधारका लागि नगरपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्बन गरी राजस्व सुधारका कार्ययोजनाहरू तर्जुमा गरिएका छन् । यो कार्ययोजना तर्जुमाको माध्यमले नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण गरी आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज हुनेछ ।

## १.३ राजस्व सुधार कार्ययोजनाको उद्देश्यहरू

यस कार्यक्रमको समग्र उद्देश्य पाँचखाल नगरपालिकाको आन्तरिक आय तथा राजस्वको विद्यमान अवस्था विश्लेषण गर्नु र व्यवहारिक तथा प्रभावकारी राजस्व प्रणालीको विकास गर्नु हो । यस उद्देश्यको प्राप्तिका लागि देहाय अनुसारका सहायक उद्देश्यहरू निर्धारण गरिएका छन्:

- स्थानीय तहका जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई राजस्व सुधार कार्यायोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- स्थानीय तहमा शीर्षकगत रूपमा सम्भावित कर/गैर करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- स्थानीय तहमा राजस्वका विभिन्न स्रोतहरूको लेखाजोखा (यथार्थ असुली सहित) गर्ने र वृद्धिका सम्भावनाहरू पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको सङ्गठनात्मक सङ्रचना सङ्कलन तथा बिलिङ्ग पद्दति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्य कुशलताको विश्लेषण गर्ने ।
- स्थानीय तहका आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्य योजना तयार गर्ने ।

- राजस्व सुधारका नयाँ सम्भावनाहरूको पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने भावी रणनीति सहित आगामी ३ आर्थिक वर्षका लागि कार्य योजना (२०७९/०८०-२०८१/०८२) सहित राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा गर्नु पर्ने सुधारका लागि सुझाव सहित नमुना तयार गर्ने ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तयार गर्दा राजस्वसँग सम्बन्धित विविध सामग्रीहरूको अध्ययन, राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना सङ्कलन फाराम विकास, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । प्रस्तुत राजस्व सुधार कार्ययोजना निर्माण गर्ने क्रममा अबलम्वन गरिएका विधिहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छः

**पहिलो चरणः सन्दर्भ सामाग्री सङ्कलन तथा समीक्षा**

राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरूको सङ्कलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू सङ्कलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरूमा बागमती प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

**दोस्रो चरणः अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला**

स्थानीय तहमा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिएका विज्ञ टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरू र राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७९/०१/२३ मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो । अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र अनुसुची २ मा दिईएको छ ।

**तेस्रो चरणः तथ्याङ्क/सूचना सङ्कलन**

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्याङ्कहरू समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वस्तुगत विवरण, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरू, राजस्व सम्बन्धी कानुनहरू, प्रगति विबरणहरू, आम्दानी तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदनहरूबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो । त्यस बाहेक, उद्योग वाणिज्य संघ, यातायात व्यवसायीहरूको संगठन, होटल व्यवसायीहरूको संगठन आदि पेशागत एवम् व्यवसायिक संस्थाहरू लगायतका सरोकारवाला पक्षहरूसँगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको

थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरू सङ्कलन गरिएको थियोः

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरू
- कम्तीमा विगत तीन आर्थिक वर्षहरूको अनुमानित तथा यथार्थ आय विवरण
- चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी बिस्तृत विवरण
- आन्तरिक राजस्व सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरू, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरू/तथ्याङ्कहरू नमिल्दो र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणिकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरी सकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरूले खोजे अनुसार तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार सङ्कलन गरिएको थियो ।

### चौथो चरणः सूचना/तथ्याङ्कको विश्लेषण तथा कार्ययोजना तयारी एवम् राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क सङ्कलन गरिसकेपछि त्यस्ता सूचनाहरूलाई विश्लेषण गरिएको छ । सूचना/तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विधि दुवैलाई प्रयोगमा ल्याइएको छ । राजस्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरू पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको छ ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय सङ्कलनमा पार्ने प्रभावहरूको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले यस स्थानीय तहको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी विगतको आयको बृद्धिदर विश्लेषण गरी आय सङ्कलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गर्रा गरिएको छ ।

$$\text{CAGR} = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR = औसत वार्षिक बृद्धिदर

Ending Value . अन्तिम वर्षको यथार्थ रकम

Beginning Value . पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची ४ अनुसार गरिएको छ ।

### पाँचौं चरणः मस्यौदा कार्ययोजना तयारी

स्थलगत अध्ययनबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा कार्ययोजना तयार गरिएको छ । लेखन कार्य  राजस्व सम्बन्धी विज्ञता भएका विशेषज्ञबाट गरिएको थियो । भाषिक शुद्धता नेपाली भाषाका विज्ञहरूबाट परिक्षण गराइएको थियो ।

### छैठौं चरणः मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव सङ्कलन

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरू पश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन स्थानीय तहका सम्बन्धित सरोकारवालाहरू समक्ष प्रस्तुत गरी सुझाव लिइएको थियो । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरूलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरूलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो ।

### सातौ चरणः अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण

पाँचखाल नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार गरेपछि नगरपालिकामा २०७९ असार १७ गते नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरू, राजस्व परामर्श समिति, वडा अध्यक्षज्यूहरू, शाखा प्रमुखज्यूहरू लगायतको सहभागितामा बृहद् छलफल गरिएको थियो (उक्त छलफलको उपस्थिति माईन्युट र फोटो अनुसूचीमा उल्लेख गरिएको छ) । उक्त छलफलमा प्राप्त सुझाव र सल्लाहलाई समेत समावेश गरी राजस्व सुधार कार्ययोजनालाई अन्तिम रुप प्रदान गरिएको छ । यस प्रतिवेदनलाई कार्यपालिकाको बैठकबाट कार्यान्वयनमा ल्याइने छ । उक्त कार्यक्रममा सहभागीहरूको सुची अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

### आठौं चरणः  अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस स्थानीय तहको राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृत गराउने प्रतिबद्धता प्राप्त भएको छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको सिमा

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना निम्न अनुसारको सीमामा रही तयार गरिएको छ ।

- राजस्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एवं प्रमाणिक तथ्याङ्क नभएको अवस्थामा सहभागीहरुसँगको अन्तर्क्रियाबाट सम्पुष्टि गरिएको थियो ।

- यस राजस्व सुधार कार्ययोजना नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको छलफल, गोष्ठी, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सुझाव र सूचनाको आधारमा तयार गरिएको हो ।
- नगरपालिकाको गठन भएको तीन वर्ष पनि पूरा नभएको र अभिलेख पनि व्यवस्थित भैनसकेकाले ऐतिहासिक प्रवत्ति देखिने तथ्याङ्कीय विश्लेषणका लागि आवश्यक तथ्याङ्क र सूचनाको अभावमा पूर्णरुपमा तथ्याङ्कीय विधिको प्रयोग गरी राजस्व प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद दुई: नगरपालिकाको सक्षिप्त परिचय

परिच्छेद दुईमा नगरपालिकाको संक्षिप्त परिचय, अवस्थिति, मानव शंसाधन साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत क्षमतालाई पनि चित्रण गरिएको छ।

## २.१ नगरपालिकाको गठन तथा नामांकरण

बागमती प्रदेश अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लामा पर्ने पाँचखाल नगरपालिकाको तत्कालीन पाँचवटा गा.वि.स.हरू पाँचखाल, होक्सेबजार, देवभूमि बालुवा, अनैकोट र साठीघर भगवती समेटी वि.सं. २०७१ सालमा स्थापना भएको हो । साथै, राज्य पुनर्संरचना गर्दा साविकका थप दुईवटा गाविसहरु खरेलथोक र कोशीदेखा गा.वि.स गरी कुल सातवटा साविकका गा.वि.सहरु मिलि वि.सं. २०७३ मा पाँचखाल नगरपालिकाको संरचना बनेको छ। यो नगरपालिका काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित एउटा सुन्दर नगरपालिका हो। यस नगरपालिकाको नामांकरण सम्बन्धी आधिकारिक दस्तावेज फेला नपरे पनि परापूर्वकालमा पाँच पाण्डवहरूले यस नगरपालिकाका विभिन्न पाँच स्थानमा पाँचवटा खाल बनाई कौरवसँग पासा खेलिएका कारण उक्त ठाउँको नाम पाँचखाल रहन गएको विश्वास गरिन्छ । सोही पाँचखालको नामबाट यस नगरपालिकाको नाम पाँचखाल नगरपालिका रहन गएको पाईन्छ।

## २.२ प्रशासनिक विभाजन

यस नगरपालिकालाई प्रशासनिक विभाजनका आधारमा हेर्दा जम्मा १३ वटा वडामा विभाजन गरिएको छ । यस नगरपालिकाको कुल क्षेत्रफल १०२.९५ वर्ग कि.मी. रहेको छ । यस नगरपालिकाको कार्यालय हालको ३ नं. वडा समाजकल्याण भन्ने स्थानमा रहेको छ । नगरपालिकाको वडा कार्यालय रहेको स्थान र स्वामित्व सम्बन्धी विवरणलाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

तालिका १: वडा कार्यालय रहेको स्थान र स्वामित्व सम्बन्धी

| वडा नं. | वडा कार्यालय रहेको स्थान | स्वामित्व |
|---|---|---|
| १ | अनैकोट | आफ्नै |
| २ | तीनकुने | भाडामा |
| ३ | पाँचखाल तामाघाट | आफ्नै |
| ४ | पाँचखाल तामाघाट | आफ्नै |
| ५ | केराघारी | भाडामा |
| ६ | तीनपिप्ले | आफ्नै |
| ७ | शिखरपुर | आफ्नै |
| ८ | होक्सेबजार | आफ्नै |
| ९ | पलाञ्चोक मन्दिर | आफ्नै |
| १० | नयाँ गाउँ | भाडामा |
| ११ | खरेलथोक | आफ्नै |
| १२ | देवभूमि बालुवा | आफ्नै |
| १३ | कौशीदेखा | आफ्नै |

***स्रोत :*** *नगरपालिकाको पार्श्वचित्र, २०७५*

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

यस नगरपालिकाको काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भागमा अवस्थित छ । काठमाडौंदेखि करिव ४५ कि.मि. टाढा रहेको पाँचखाल यस जिल्लाको सबैभन्दा समथर र बेसी पनि हो । यो नगरपालिका समुन्द्री सतहदेखि ९३७ मिटरको उचाईमा रहेको छ । यो नगरपालिका बेँसीको वरिपरि पलाञ्चोक, अनेकोट, रविओपि, जैशिथोक र पाल्लेखेत डाँडाहरुले घेरिएको छ । यस नगरपालिका जैविक विविधताले महत्वपूर्ण मानिन्छ । भौगोलिक अवस्थिति हेर्दा यस नगरपालिका २७ डिग्री ३४ मिनेट ४४ सेकेन्डदेखि २७ डिग्री ४२ मिनेट १७ सेकेन्ड उत्तरी अक्षांश र ८५ डिग्री ३३ मिनेट ३५ सेकेन्ड देखि ८५ डिग्री ४४ मिनेट ८ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यस नगरपालिकाको पूर्वमा भुम्लु गाउँपालिका, पश्चिममा धुलिखेल र बनेपा नगरपालिका, उत्तरमा मण्डनदेउपुर नगरपालिका र भुम्लु गाउँपालिका र दक्षिणमा तेमाल गाउँपालिका, नमोबुद्ध र धुलिखेल नगरपालिकासँग सिमाना जोडिएको छ ।

**पाँचखाल नगरपालिका**




चित्र २: नगरपालिकाको भौगोलिक अबस्थिति

## २.४ वडागत रुपमा घरधुरी तथा जनसंख्या

नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस नगरपालिकामा ९३८१ घरधुरी र ४२०११ जनसंख्या रहेको छ । साथै नगरपालिकाको कुल जनसंख्या ४२०११ मध्ये पुरुष २०८२३ जना, महिलाको २११८४ जना र तेस्रो लिङ्गी ४ जना रहेको छन् । उक्त तथ्याङ्क अनुसार वडा नं १२ मा सबैभन्दा बढी जनसंख्या रहेको छ भने वडा नं १० मा सबैभन्दा कम जनसंख्या रहेको छ । यस नगरपालिकाको वडा अनुसार जनसंख्या तथा घरधुरी विवरण तलको तालिका नं. २ मा दिइएको छ ।

तालिका २: वडा अनुसार जनसंख्या विवरण

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा |
| १ | ८३६ | २०२८ | २१७२ | ० | ४२०० |
| २ | ८७७ | २००२ | २०८७ | ० | ४०८९ |
| ३ | ५७८ | १२७३ | १२७२ | ० | २५४५ |
| ४ | ७२३ | १५९७ | १५८१ | ० | ३१७८ |
| ५ | ५९९ | १२८९ | १३६५ | ० | २६५४ |
| ६ | ११९० | १९४६ | २०१४ | १ | ३९६१ |
| ७ | ४७३ | ११२५ | ११४८ | १ | २२७४ |
| ८ | ७०८ | १८०५ | १७३० | ० | ३५३५ |
| ९ | ७७९ | १६६१ | १७१६ | ० | ३३७७ |
| १० | ४८७ | १००४ | १११२ | १ | २११७ |
| ११ | ६८१ | १४५७ | १३९५ | ० | २८५५ |
| १२ | १०१४ | २४३२ | २२८८ | १ | ४७२१ |
| १३ | ४९६ | १२०४ | १३०१ | ० | २५०५ |
| **जम्मा** | **९३८१** | **२०८२३** | **२११८४** | **४** | **४२०११** |

*स्रोत : नगरपालिकाको पार्श्वचित्र, २०७५*

## २.५ आर्थिक अवस्था

**पेशागत विवरण :** यस नगरपालिकाको अधिकांश मानिसहरु कृषि पेशामा आधारित छन् । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार कृषि तथा पशुपालनमा ४९.७ प्रतिशत, नोकरीमा ६.३४ प्रतिशत, वैदेशिक रोजगारमा ६.२ प्रतिशत, ज्यालामजदूरीमा ३.५४ प्रतिशत, उद्योग तथा व्यवसायमा २.६९ प्रतिशत र व्यवसायिक कार्यमा ०.३४ प्रतिशत जनसंख्या संलग्न रहेको पाईन्छ । त्यसैगरी विद्यार्थी १३.६८ प्रतिशत, गृहणी १०.६७ बेरोजगार ४.९७ प्रतिशत र अन्यमा १.६ प्रतिशत रहेका छन् । साथै यस नगरपालिकामा बसोवास गर्ने मानिसहरूको मासिक आम्दानीलाई हेर्दा औषत रु. ५००० भन्दा कम कमाउने घरपरिवार संख्या ४६.३७ प्रतिशत, रु. ५००१ देखि रु. १०००० सम्म कमाउने घरपरिवार संख्या ४.२४ प्रतिशत, रु. १०००१ देखि रु. १५००० सम्म कमाउने घरपरिवार संख्या ७.१६ प्रतिशत, रु. १५००१ देखि रु. २५००० सम्म कमाउने घरपरिवार संख्या ४.८० प्रतिशत र रु. २५००० भन्दा माथि कमाउने घरपरिवार संख्या ३७.४३ प्रतिशत रहेको छ ।

**कृषि:** यस नगरपालिकाको प्रमुख पेशाको रूपमा कृषि रहेको छ । ग्रामिण समुदायमा बस्ने धेरै मानिसहरुको जिवनको आधार कृषि रहेको हुन्छ । भौगोलिक धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकारको माटो पाइने गर्दछ । यस नगरपालिकाको अधिकांश भू-भाग चिम्टाइलो दोमट माटोको बाहुल्यता रहेकोले धान, मकै, गहुँ, आलु, भटमास, कोदो लगायतका अन्न तथा दलहनमा गहत, मास, मस्याङ, रहर र फलफूलमा केरा, मेवा, आँप आदि उत्पादन हुने गर्दछ । यो नगरपालिका कृषि क्षेत्रका लागि अत्यन्तै उपयुक्त मानिन्छ । कुल खेतीयोग्य जमिनको करिब ७५ प्रतिशत जमिनमा खाद्यान्न बाली र करिब १५ प्रतिशत जमिनमा तोरी, सूर्यमूखी जस्ता तेलहन बालीहरु लगाउने गरेको पाईन्छ ।

**पशुपालनः** पशुपालन यस नगरपालिकाका ग्रामिण क्षेत्रका मानिसहरूको मुख्य पेशा हो । घरायसी उपभोगबाट बाँकी दुध डेरीहरुमा गरिने बिक्री आय स्रोतको राम्रो स्रोत बनेको छ । यस नगरपालिकाको उत्तरी भागमा बाखा, चौरी र गाई पालनको राम्रो प्रभाव परेको र दक्षिण भागमा बाखा पालन तथा भैंसी पालनमा केही राम्रो स्थिति रहेको पाइन्छ यस नगरपालिकामा उन्नत जातका गाई, बाखा लगायतका पशुपंक्षी पालनमा मानिसहरुको आर्कषण बढेको पाइन्छ । यस नगरपालिकामा विशेष गरेर दुधका लागि गाई, चौरी, भैसी र मासुका लागि बाखा, बंगुर, कुखुरा पालनमा किसानहरुको आकर्षण व्यावसायिक रूपमै बढ्दै गएको पाईन्छ ।

**पर्यटन (प्रशिद्ध स्थलहरु):** यस नगरपालिका क्षेत्रभित्र ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व बोकेका केही स्थल तथा मन्दिरहरू रहेका छन् । जसमध्ये पलाञ्चोक मन्दिर, दरवार, हिगी स्तुपा, कोशी नदी बगर, अनैकोट भ्यूटावर, निर्जलीय देबी मन्दिर मुख्य रहेका छन् ।

**सिंचाईः** यस नगरपालिकाका प्राय वडा्हरूमा व्यवस्थित र आधुनिक सिंचाई पूर्वाधारको सुविधा रहेको देखिँदैन । हालपनि परम्परागत रुपमा नै राजकुलो, खोला, कुलकुलेसाहरूको सहायताबाट सिंचाई गरेको देखिन्छ । बढ्दो जनसंख्यासंगै शहरीकरणको प्रभावले खेतीयोग्य जमिन मासिदै गएको अवस्थामा कृषियोग्य जमिनलाई बचाई राखी व्यवस्थित सिंचाईको प्रक्रिया अवलम्वन गरी आधुनिक सिंचाई प्रणाली अपनाउनु पर्ने देखिन्छ । यस नगरपालिकाको मुख्य सिंचाई सुविधाहरुमा गुदुङ्ग खोला, झिगु खोला, टटले सिंचाई, राजकुलो, फुके कुलो, प्योल कुलो, तेस्रो कुलो, डाँफे कुलो आदि रहेका छन् ।

**यातायात पहुँच :** सडकलाई विकास पूर्वाधारको प्रमुख मेरुदण्डका रुपमा लिने गरेको पाईन्छ । यो नगरपालिकामा सडकको राम्रै विकास भएको पाईन्छ । नगर यातायात गुरुयोजना अनुसार यस नगरपालिकाभित्र रहेका पक्की, ग्राभेल तथा कच्ची सडक आदिको लम्बाई जम्मा २९१.०६ कि.मि. रहेको देखिन्छ । नगर यातायात गुरुयोजना अनुसार यस नगरपालिकाभित्र ४ प्रकारका सडक रहेको पाईन्छ । क वर्गको सडकभित्र ४ वटा सडक रहेका छन् जसको लम्बाई १२.९५ कि.मि., ख वर्गका सडक २९ वटा जसको लम्बाई ८१.४६ कि.मि., ग वर्गका सडक ८९ वटा जसको लम्बाई ११४.४० कि.मि. र घ वर्गका सडक १४७ वटा जसको लम्बाई ८२.२५ कि.मि. रहेको छ । यस नगरपालिका क्षेत्रभित्र सबै प्रकारका यातायातका साधनहरू सञ्चालन हुने गरेको पाईन्छ ।

**उद्योग, व्यापार तथा व्यवसायः** नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसार यस नगरपालिकामा विभिन्न प्रकारका जम्मा १०४६ वटा औद्योगिक तथा व्यापार व्यवसाय सञ्चालनमा रहेको पाईन्छ । यस नगरपालिकाको प्रमुख व्यापारिक केन्द्रहरूमा विभिन्न किसिमका पसलहरू रहेका छन् । जसमा किराना पसल, कपडा पसल, मासु पसल, तरकारी तथा फलफूल बिक्री केन्द्र, दुध चिस्यान तथा बिक्री केन्द्र, निर्माण सामाग्री पसल, औषधी पसल वा क्लिनिक, मर्मत सेवा केन्द्र, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स पसल, सुनचाँदी पसल, चिया, खाजा वा नास्ता पसल र कस्मेटिक तथा व्युटी पार्लर, पेट्रोल पम्प, फर्निचर, बैंक तथा वित्तीय संस्था, पार्टी प्यालेस, हेयर सैलुन लगायतका व्यापार व्यवसायहरू सञ्चालनमा रहेका छन् ।

**मुख्य व्यापारिक केन्द्रहरुः** यस नगरपालिकाको मुख्य व्यापारिक केन्द्रहरुमा वडा नं. ३ को तामाघाट, वडा नं. ४ को तामाघाट, जिरोकिलो र लामिडाँडा, वडा नं. ५ को खाँवा बजार, वडा नं. ६ को तिनपिप्ले, वडा नं. १० को पलाञ्चोक भगवती र वडा नं. १२ को बालुवा आदि रहेका छन् ।

**विद्युत सुविधाः** नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस नगरपालिकामा बत्तीको लागि उपयोग गरिने इन्धनको रूपमा बिजुली, सोलार, मट्टितेल लगायतका रहेका छन् । जसमध्ये ९८.९३ प्रतिशत घरपरिवारले विजुली, ०.६९ प्रतिशत घरपरिवारले मट्टितेल र बाँकी परिवारले अन्य इन्धनलाई बत्ती बाल्न प्रयोग गर्ने गरेका छन् । त्यसैगरी खाना पकाउने मुख्य इन्धनको रूपमा सबैभन्दा बढि ५४.४९ प्रतिशत घरपरिवारले दाउरा, ४१.५५ प्रतिशत घरपरिवारले एल.पी ग्यास र बाँकी घरपरिवारले अन्य इन्धन उपयोग गर्ने गरेको पाईन्छ ।

**सञ्चार सुविधा :** यस नगरपालिकामा सञ्चार सेवाका लागि नेपाल टेलिकम र एनसेल मार्फत दुर संचार सेवाहरू उपलब्ध रहेका छन् । सञ्चार प्रणालीमा हुलाक, नीजि कुरियर, टेलिफोन, मोवाइल, टेलिभिजन, एफ.एम रेडियो, इन्टरनेट जस्ता आधुनिक सञ्चार सुविधाहरू उपलब्ध रहेका छन् ।

**खानेपानी तथा सरसफाई :** यस नगरपालिकामा सबैभन्दा बढी घरपरिवारले सार्वजनिक धाराको पानी उपयोग गरेको पाईन्छ । जसमा कुल घरपरिवारमध्ये ३०.८३ प्रतिशत घरपरिवारले सार्वजनिक धाराको पानी, २१.६३ प्रतिशत घरपरिवारले मूलको पानी १७.३४ प्रतिशत घरपरिवारले नीजि धाराको पानी, १५ प्रतिशत घरपरिवारले डिप बोरिङको पानी, १४.०४ प्रतिशत घरपरिवारले इनार र कुवाको पानी उपयोग गर्दछन् भने ०.३४ प्रतिशत घरपरिवारले ट्युबवेल हेन्डपम्पको पानी उपयोग गरेको पाईन्छ । त्यसैगरी यस नगरपालिकाको शौचालयको प्रयोगको अवस्थालाई हेर्दा कुल घरपरिवार मध्ये सबैभन्दा बढी ६२ प्रतिशत घरपरिवारले साधारण शौचालय र २८.९८ प्रतिशत घरपरिवारले फ्लस भएको शौचालय प्रयोग गरेको पाईन्छ । त्यसैगरी ७.३८ प्रतिशत घरपरिवारसँग शौचालय नभएको देखिन्छ ।

**भवन तथा आवासः** यस नगरपालिकाका बसोवास गरेको घरको स्वामित्व अनुसार परिवार संख्याको विश्लेषण गर्दा नीजि घरमा बसोबास गर्ने ९४.४६ प्रतिशत रहेको छ भने भाडाको घरमा बसोबास गर्ने ३.५८ प्रतिशत मात्र रहेको छ । घरको जगको आधारमा वर्गीकरण गर्दा माटो वा ढुङ्गाको जग भएको घरहरू ५१.८६ प्रतिशत र सिमेन्ट वा ढुङ्गाको जग भएका घरहरु ४०.२७ प्रतिशत रहेको छ । त्यसैगरी मापदण्ड अनुसारको घरको बनावटको अवस्थालाई हेर्दा कुल ९३८१ घरधुरीमध्ये ४७९१ घरधुरीको घरहरु मापदण्ड बमोजिमको बनेको पाइदैन ।

**शिक्षाः नगरपालिककाको पार्श्वचित्र २०७५ अनुसार** यस नगरपालिकामा रहेका कुल जनसंख्यामध्ये ९३.९ प्रतिशत साक्षर रहेको पाईन्छ । यस क्षेत्रको शैक्षिक विकासका लागि सरकारीतर्फ २९ वटा बालविकास केन्द्र, २५ वटा आधारभूत तह, १३ वटा माध्यमिक तह र २ वटा उच्च शिक्षाका लागि शैक्षिक संस्थाहरु स्थापना भई रहेको पाईन्छ । त्यसैगरी नीजितर्फ ४ वटा आधरभूत तह र ७ वटा माध्यमिक तहसम्मका विद्यालय सञ्चालनमा रहेको पाईन्छ । साथै, यस नगरपालिकामा बौद्धिक अपाङ्गता भएका विद्यार्थीहरूको अध्ययनका लागि समेत बौद्धिक अपाङ्ग विद्यालय सञ्चालनमा रहेको छ ।

**स्वास्थ्यः** यस नगरपालिकाले स्वास्थ्य विषयको संवेदनशीलतालाई ध्यानमा राखी विगतका नीति तथा कार्यक्रमहरू तय गरेको पाईन्छ । हाल यस नगरपालिकामा विभिन्न तहका स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह हुँदै आएको पाईन्छ । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस नगरपालिकामा रहेका स्वास्थ्य सेवामा सरकार अस्पताल १, आर्युवेद अस्पताल १, स्वास्थ्य चौकी ७, नीजि अस्पताल १, रेडक्रस १, प्राथमिक स्वास्थ्य केन्द्र २, शहरी स्वास्थ्य इकाई १, फार्मेसी ८, चिकित्सक ६, वर्थिङ्गसेन्टर ४, क्लिनिक ३, खोपकेन्द्र ८, टि.बी. उपचार केन्द्र ३, पोलियोक्लिनिक १ र महिला स्वंयसेविका ८१ रहेका छन् ।

यिनै स्वास्थ्य संस्थाहरूबाट नगरपालिका क्षेत्रभित्रका तथा छिमेकी स्थानिय तहका मानिसहरूले सामान्य स्वास्थ्य सुविधा प्राप्त गरेका छन् ।

**बैंक, वित्तीय संस्था तथा सहकारी :** नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस नगरपालिका क्षेत्रभित्र ७ वटा बैंक, १ वटा लघुवित्त र ३२ वटा सहकारी संस्था संचलनमा रहेको पाईन्छ ।

**फोहरमैला व्यवस्थापन:** यस नगरपालिकाले फोहरमैला व्यवस्थापनका लागि नीजि क्षेत्रको साझेदारी गरिएको छ । सो कार्यलाई निरन्तरता दिँदै फोहरलाई स्रोतमा नै वर्गिकरण गरी फोहर उचित व्यवस्थापन गर्ने र नगरबाट उत्पादित फोहरलाई प्रशोधन गरी मोहरमा रुपान्तरण गर्ने नगरपालिकाको आ.व. २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । साथै फोहर व्यवस्थापनका लागि नागरिक चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरी आफ्नो फोहोर आफैले व्यवस्थापन गर्ने नीति अवलम्वन गरेको पाईन्छ ।

## २.६ नगरपालिकाको मानवीय संशाधन

नेपालको संविधान जारी भए पश्चात् सङ्घीयता कार्यान्वयनका पहिलो चरण स्वरूप स्थानीय तहको निर्वाचन (पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते) सम्पन्न भई स्थानीय तहको गठन भएको हो । हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् नगरपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । यस नगरपालिकाको संगठन संरचानालाई चित्र नं. ३ एवं हाल कार्यरत कर्मचारीको विवरण तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।




चित्र ३: नगरपालिकाको संगठन संरचाना

तालिका ३: नगरपालिकामा हाल कार्यरत कर्मचारीको विवरण

| क्र.सं. | पद | कार्यरत शाखा | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | प्रशासन शाखा | १ | |
| २ | अधिकृतस्तर (दशौं) | शिक्षा शाखा | १ | |
| ३ | अधिकृतस्तर (आठौं) | शिक्षा शाखा | १ | |
| ४ | लेखा अधिकृत (सातौं) | आर्थिक प्रशासन शाखा | १ | |
| ५ | इन्जिनियर (आठौं) | योजना शाखा | १ | |
| ६ | सि.अ.हे.व. | स्वास्थ्य शाखा | २ | |
| ७ | वालीविकास अधिकृत (छैठौं) | कृषि शाखा | १ | |
| ८ | अधिकृतस्तर (छैठौं) | योजना/सामाजिक सुरक्षा शाखा | १ | |
| ९ | अधिकृतस्तर (छैठौं) | वतावरण तथा विपद व्यवस्थापन शाखा | १ | |
| १० | स्रोत व्यक्ति | शिक्षा शाखा | २ | |
| ११ | सूचना प्रविधि अधिकृत | सूचना तथा प्रविधि शाखा | १ | |
| १२ | कानुनी सल्लाहकार | कानुन शाखा | १ | |
| १३ | रोजगार संयोजक | रोजगार संयोजक शाखा | १ | |
| १४ | सूचना अधिकारी | सूचना तथा प्रशासन शाखा | १ | |
| १५ | सव इन्जिनियर | योजना शाखा | १ | |
| १६ | वरिष्ठ राजस्व सहायक | राजस्व शाखा | १ | |
| १७ | प्राविधिक सहायक | शिक्षा शाखा | १ | |
| १८ | लेखापाल | आर्थिक प्रशासन शाखा | १ | |
| १९ | सव ओभरसियर | योजना शाखा | १ | |
| २० | सह लेखापाल | आर्थिक प्रशासन शाखा | १ | |
| २१ | अमिन | प्राविधिक शाखा | १ | |
| २२ | सहायक कम्प्युटर अपरेटर | सामाजिक सुरक्षा तथा कम्प्यूटर शाखा | १ | |
| २३ | सहायक चौथो | कृषि तथा सहकारी शाखा | १ | |
| २४ | सहायकस्तर तेस्रो | जिन्सी शाखा | १ | |
| २५ | एम.आई.एस. अपरेटर | पञ्जिकरण सेवा इकाइ | २ | |
| २६ | कम्प्युटर सहायक | नगर प्रमुखको सचिवालय | १ | |
| २७ | फिल्ड सहायक | पञ्जिकरण सेवा इकाइ | १ | |
| २८ | प्राविधिक सहायक (प्रधानमन्त्री रोजगार कार्यक्रम) | रोजगार संयोजक शाखा | १ | |
| २९ | सामाजिक परिचालक (पशु प्राविधिक) | पशुपंक्षी तथा पशु शाखा | १ | |
| ३० | बरिष्ठ उद्धम विकास सहजकर्ता | मेड्पा कार्यक्रम | १ | |
| ३१ | उद्धम विकास सहजकर्ता | मेड्पा कार्यक्रम | १ | |

**स्रोत:** *नगरपालिकाको वेभसाइट*

## २.७ भौतिक सम्पत्तिको अवस्था

यस नगरपालिकाको वडा नं. ४ वाहेक सबैको आफ्नै कार्यालय भवन रहेको छ। वडा नं. ४ ले हाल भाडाको घरबाट कार्यालय सञ्चालन भैरहेको छ । यस नगरपालिकामा भएका भौतिक सम्पत्तिको विवरण तालिका नं. ४ मा राखिएको छ।

तालिका ४: नगरपालिकाको भौतिक सम्पत्तिको विवरण

| क्र.सं. | भौतिक सम्पति | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कार्यलय भवन | १३ | वडा नं. ४ वाहेक १२ वटा वडा र नगरपालिकाको कार्यालयको आफ्नै कार्यालय भवन रहेको |
| २ | एम्बुलेन्स | १ | |
| ३ | गाडी | २ | |
| ४ | दम्कल | १ | |

***स्रोत:*** *स्थलगत सर्वेक्षण, २०७८*

# परिच्छेद तीन – स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेद तीनमा नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतिहरूलाई शीर्षकगत रूपमा विश्लेषण गरिएको छ । यस विश्लेषणले नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग पुऱ्याउने छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले अनुसूची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार अन्तर्गत निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ। चित्र नं. ३ मा राजस्व अधिकारहरूलाई देखाइएको छ।




चित्र ४: तहगत राजस्व अधिकार

सङ्घीय कानुन अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) नगरपालिकाको एकल अधिकारः**

**१) कर**

- **सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । ऐनमा "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*

- **भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमि कर लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*

- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लगाउने घर जग्गा बहाल कर ।

- **व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा ।

- **सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।

- **जडिबुटी, कवाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत ।

**२) शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत ।

- **पार्किङ्ग शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत ।

**३) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।

- नगरपालिकाद्वारा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) ।

- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।

- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क ।

**४) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
    - एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
    - ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिस तथा प्रमाणित दस्तुर

**५) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**६) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**२) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति

- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

सङ्घीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छः

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)**

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने

घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले सङ्कलन गरको मुल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा सङ्घ र प्रदेशबाट प्राप्त हुने

- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि सङ्घ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानुनमा उल्लेख बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक नीजि साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

नगरपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले नगरपालिकामा सम्भावना भएका आयका शीर्षकहरूको संभाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ । तालिका नं. ५ मा आयका शीर्षक र सम्भावनाहरु प्रस्तुत गरिएको छ ।

तालिका ५: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र. सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था (भएको/नभएको) | सङ्कलन (भएको/नभएको) |
|---|---|---|---|---|
| **(क) कर तर्फ** | | | | |
| १ | भूमिकर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | भएको | भएको (केहि मात्रामा) |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको (केहि मात्रामा) |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडीबुटी, कबाडी र जीवजन्तु कर | छ | भएको | नभएको |
| ७ | विज्ञापन कर | छ | भएको | भएको |
| ८ | मनोरञ्जन कर | छ | भएको | नभएको |
| **(ख) अन्य राजस्व** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छ | भएको | नभएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | भएको | नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्रि वापतको आय | छ | भएको | नभएको |
| ४ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ५ | व्यक्तिगत घटना बिलम्ब दर्ता शुल्क | छ | भएको | भएको |
| ६ | बहाल बिटौरी शुल्क | छ | नभएको | नभएको |
| ७ | पार्किङ्ग शुल्क | छ | भएको | भएको (पलाञ्चोक भगवती) |
| ८ | अस्पताल सञ्चालन | छ | नभएको | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| १० | स्थानीय खानेपानी महसुल | छ | नभएको | नभएको |
| ११ | स्थानीय विद्युत महसुल | छ | नभएको | नभएको |
| १२ | केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | नभएको | नभएको |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाट बजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छ | नभएको | नभएको |
| १३ | मूल्याङ्कन सेवा शुल्क | छ | नभएको | नभएको |

| क्र. सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था (भएको/नभएको) | सङ्कलन (भएको/नभएको) |
|---|---|---|---|---|
| १४ | दर्ता, अनुमति तथा नविकरण दस्तुर सम्भावना नभएको (एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | छ | भएको | भएको |
| १५ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | नभएको | नभएको |
| १६ | वडा मार्फत् गरिने सिफारिस तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १७ | दण्ड जरिवाना | छ | भएको | भएको |

***स्रोत:*** *स्थलगत सर्वेक्षण, २०७८*

## ३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस नगरपालिकाले आन्तरिक स्रोत अन्तर्गत राजस्वका विभिन्न शीर्षक अन्तर्गत राजस्व सङ्कलन गर्न सक्नेछन् जस अनुसार प्रमुख क्षेत्रहरू राजस्व र विज्ञापन करका विभिन्न शीर्षक अनुसार कर वा दस्तुर लगाउन सक्नेछ (चित्र नं. ४)।




चित्र ५: राजस्व तथा करका विभिन्न शीर्षकहरु

### ३.३.१ कर राजस्व

नगरपालिकाको राजस्वका विभिन्न स्रोतहरु मध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भइरहेको, सम्भाव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरु यस प्रकार रहेका छन्:

### (क) सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको हुँदा उक्त दफा अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल बराबरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ।

**विद्यमान अवस्था:** यस नगरपालिकाले कानुनी प्रावधान अनुरुपको सम्पत्ति कर निर्धारण गरेको छ। सम्पत्ति कर (तत्कालिन एकीकृत सम्पत्तिकर) लागू गर्ने उद्देश्य अनुसार यस नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा २ मा सम्पत्ति करलाई उल्लेख गरिएको छ। विद्यमान कानुनी व्यवस्था अनुसार नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्ता जग्गामा बनेको भौतिक संरचानाहरूलाई एकीकृत रूपमा हिसाव गरी सम्पत्ति कर लगाउने तर गुठी जग्गामा कर नलगाउने व्यवस्था गरिएको छ। नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस नगरपालिकामा कुल घरधुरी संख्या ९३८१ रहेको छ। यस नगरपालिकाले सम्पत्ति कर शीर्षकमा आ.व. २०७६/७७ मा रु. ५६ लाख २७ हजार ४ सय ३० रुपैया र आ.व.२०७७/७८ मा रु. ८८ लाख २७ हजार ६ सय ७१ रुपैया राजस्व सङ्कलन गरेको देखिन्छ।

**संभाव्यता:**

नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस नगरपालिकामा कुल घरधुरी संख्या ९३८१ रहेको छ। विद्यमान कानुनी व्यवस्था अनुसार घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कुल ९३८१ मध्ये ९४.४६ प्रतिशत घरधुरीको आफ्नै घर रहेको हुँदा सो घरधुरीलाई नै कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ। तसर्थ नगरपालिका पार्श्वचित्रमा उल्लेख भए बमोजिम कुल घरधुरीका स्वामित्वमा भएका घरहरूलाई फुस वा खरको छाना भएका घर, जस्ता टिनको छाना भएका घर, टायल वा ढुगांको छाना भएका घर र आर.सी.सी. ढलान भएका घर गरी ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल उल्लेखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ। यस अनुसार हुन आउने सम्पत्ति करको गणना तालिका नं. ६ मा उल्लेख गरिएको छ।

तालिका ६: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| करदाता सम्बन्धी विवरण | करदाताको संख्या | करको औसत दर (प्रस्तावित) | सम्भाव्य कुल आय रु. |
|---|---|---|---|
| फुस वा खरको छानाको घर भएका करदाता | ६८ | ५०० | ३४००० |
| जस्ता टिनको छानाका घर भएका करदाता | ६३९० | १००० | ६३९०००० |
| टायल वा ढुङ्गाका छानाको घर भएका करदाता | ३५७ | १५०० | ५३५५०० |
| आर.सी.सी. ढलानको घर भएका करदाता | २३६२ | २००० | ४७२४००० |
| **जम्मा** | ९१७७ | | **११६८३५००** |

स्रोत: नगरपालिकाको पार्श्वचित्र, २०७५

**सुधारका पक्षहरू:**

सम्पत्ति कर कार्यान्वयनका लागि यस नगरपालिकाले गर्नुपर्ने विषयहरू निम्न अनुसार रहेको देखिन्छ:

- नगरपालिकाभित्रका सम्पूर्ण घरधुरीहरुलाई सम्पत्तिकरको दायरा भित्र ल्याउने ।
- घर करको रुपमा लिइएको सम्पत्ति करलाई सम्पत्ति कर नै उल्लेख गरी प्रगतिशिल करको दर निर्धारण गरी समावेश गर्ने ।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम सञ्चालन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर नगरपालिका कार्यालय तथा सबै वडारूबाट सङ्कलन गर्ने
- सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।

## (ख) मालपोत वा भूमिकर

नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरिएको छ ।

**विद्यमान अवस्था:**

मालपोतलाई परम्परादेखि चल्दै आएको र दिगो राजस्वको स्रोत मानिन्छ । यस नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ३ मा भूमि कर (मालपोत) लाई उल्लेख गरिएको छ । जसमा भूमिकर नगरपालिकाले तोकेबमोजिम हुनेछ तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमि कर नलगाइने व्यवस्था छ । नगरपालिकाको पार्श्वचित्र, २०७५ अनुसार यस नगरपालिकाको ६१.७६ वर्ग कि.मि. जमिन कृषि क्षेत्रले ओगटेको छ । यसमध्ये घरघडेरीलाई सम्पत्ति करको स्रोतका रुपमा लिएपछि बाँकी रहने जमिनमा मालपोत वा भूमिकर लगाउनु पर्दछ । यस नगरपालिकामा दर्ता भएका कुल करदाता संख्या १६२५७ रहेको छ । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार मालपोत वा भूमि कर शीर्षकमा आ.व. २०७६/७७ मा रु. ५ लाख ५ हजार ५ सय ७३ रुपैया र आ.व. २०७७/७८ मा रु.४ लाख ९७ हजार ९ सय ३९ रुपैया राजस्व सङ्कलन गरेको देखिन्छ ।

**संभाव्यता:**

नगरपालिकाको पार्श्वचित्र, २०७५ अनुसार यस नगरपालिकाको ६१.७६ (१२१३९८.६७ रोपनी) वर्ग कि.मि. जमिन कृषि क्षेत्रले ओगटेको पाईन्छ । यस आधारमा प्रति रोपनी औषत रु. १५ को दरले कर लगाउँदा रु. १८ लाख २१ हजार राजस्व उठ्ने सम्भावना देखिन्छ । जग्गाको वर्गीकरण तथा भूस्वामित्व अनुसार नै कर प्रत्यारोपण गर्ने नीति लिइएमा जमीनको उपयोगिता अनुसार विभिन्न दरमा कर प्रत्यारोपण गर्न सकिने भएकोले हालको भन्दा बढी राजस्व सङ्कलन गर्नसक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा सुधारका पक्षहरू निम्नानुसार छन्:

- नगरपालिकाले मालपोत कार्यालयसँग समन्वय गरी जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।

- करको दर निर्धारण गर्दा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मुल्य जाने क्षेत्रहरुमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम गर्ने ।
- मालपोतको करको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्वन गर्ने ।

### (ग) घरजग्गा बहाल कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

#### विद्यमान अवस्थाः

नगरपालिकाको आर्थिक ऐनको दफा ४ तथा अनुसूची २ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहाल दिएकोमा १० प्रतिशतका दरले घरबहाल कर लगाई असुल उपर गरिएको थियो भन्ने उल्लेख गरेको छ । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार घरजग्गा बहाल कर शीर्षकमा आ.व. २०७६/७७ मा रु. ८ लाख ८२ हजार ८ सय ७० रुपैया र आ.व.२०७७/७८ मा रु. १६ लाख ३५ हजार ९ सय ३७ रुपैया राजस्व सङ्कलन गरेको देखिन्छ ।

#### संभाव्यताः

यस नगरपालिकाको बजार क्षेत्रमा अधिकांश घर तथा जग्गा मात्र बहालमा रहेका छन् । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार कुल ३३६ घरपरिवार मात्र भाडाको घरमा बस्दै आएको पाईन्छ । प्राप्त तथ्याङ्क अनुसार भाडाको घरमा बस्दै ३३६ घरपरिवारमा प्रति घरपरिवार वार्षिक औषत रु. १८ हजारका दरले घर बहाल बुझाउँदा रू. ६० लाख ४८ हजार बहाल उठ्ने देखिन्छ । सो को १०% ले हुन आउने रकम रु. ६ लाख ४ हजार ८ सय घर बहाल कर उठ्न सम्भावना देखिन्छ । यसैगरी नगरपालिका क्षेत्रभित्र रहेका ९६६ वटा उद्योग, व्यापार व्यवसाय संस्थाहरू रहेकोले उक्त संस्थाहरुबाट प्रति संस्था वार्षिक औषत रु. ६० हजारको दरले घर बहाल बुझाउँदा रू. ५७ लाख ९६ हजार बहाल उठ्ने देखिन्छ । सो को १५% ले हुन आउने रकम रु. १५,००,००० बहाल कर उठ्न सक्ने देखिन्छ । यसरी नगरपालिकाले यसै आधारमा बहाल कर उठाउँदा वार्षिक रू. ६४ लाख ८ सय बहाल कर उठ्ने सम्भावना देखिन्छ ।

#### सुधारका पक्षहरूः

- नगरपालिकाद्वारा घर जग्गा बहालमा लगाउने र बस्ने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।
- नगरपालिकाको स्वमित्वमा भएका खाली जग्गाहरु उपभोगका लागि भाडामा वा लिजमा लगाएर राजस्व/कर प्राप्त गर्न सकिन्छ ।

### (घ) व्यापार व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था:**

नगरपालिकाको आर्थिक ऐनको दफा ५ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था उल्लेख गरेको छ । आर्थिक ऐनको अनुसूचि ३ र ४ मा विभिन्न व्यवसायमा लाग्ने व्यवसाय कर सम्बन्धी उल्लेख गरेको छ । यस नगरपालिकामा उद्योग, व्यापार व्यवसाय करबाट राम्रो राजस्व सङ्कलन भएको पाइन्छ । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार घरजग्गा बहाल कर शीर्षकमा आ.व. २०७६/७७ मा रु. ३० लाख २८ हजार १३ रुपैया र आ.व. २०७७/७८ मा रु. १ करोड ३५ लाख ८७ हजार १ सय ३ रुपैया राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भाव्यता:**

यस नगरपालिकाको पार्श्वचित्र २०७५ तथा राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजाको आधारमा नगरपालिका क्षेत्र चित्र सञ्चालनमा रहेका विभिन्न व्यापार व्यवसायहरुको सम्भाव्यता अध्ययन गर्दा हाल जम्मा २०६५ व्यवसाय सञ्चालनमा रहेका र त्यसमा ७०९६ जना व्यवसायमा संलग्न रहेको देखिन्छ । सोही तथ्याङ्कलाई आधारमानी विश्लेषण गर्दा यस शीर्षकबाट वार्षिक रु. १ करोड ६६ लाख २८ हजार राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ । नगरपालिकाको व्यवसाय सम्बन्धी विवरणलाई तालिका नं. ७ मा देखाइएको छ ।

तालिका ७: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित रकम) | सम्भावित राजस्व (रकम रू. मा) |
|---|---|---|---|
| कृषि, वन, माछा पालन | १५५ | ५००० | ७७५००० |
| उत्पादन | २४८ | ८००० | १९८४००० |
| खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | ७९ | ७००० | ५५३००० |
| थोक तथा खुद्रा व्यापार | १०८२ | ७००० | ७५७४००० |
| ढुवानी, भण्डारण, सूचना र सञ्चार | ६२ | ८००० | ४९६००० |
| होटल, लज | ७० | २०००० | १४००००० |
| वित्त, बीमा | ५८ | १५००० | ८७०००० |
| शिक्षा | ४८ | १०००० | ४८०००० |
| मानव स्वास्थ्य र समाजिक कार्य | १६५ | ८००० | १३२०००० |
| घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य | ९८ | १२००० | ११७६००० |
| **जम्मा** | **२०६५** | | **१६६२८०००** |

*स्रोत: आर्थिक सर्वेक्षण २०७५, तथा नगरपालिका पार्श्वचित्र २०७५*

**सुधारका पक्षहरू:**

- नगरपालिकामा संचालित व्यवसायहरूको करको दर वस्तुपरक बनाई आर्थिक ऐनमा उल्लेख गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने ।

### (ङ) जडीबुटी, कवाडी, जीवजन्तु कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे वापत नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

#### विद्यमान अवस्थाः

नगरपालिकाको आर्थिक ऐनको दफा ६ मा नगरपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला, तथा अन्य कवाड सिसा आदि अनुसुची ५ बमोजिमको शुल्क लगाईने उल्लेख गरेको छ । यस नगरपालिकामा पाइने मुख्य जडिबुटीहरूमा लौठसल्ला, सुगन्धवाल, चिराईतो, जटामसी, धसिंगरे, कुटकी, पाखनवेद, कुरिलो, सतिवयर, नूनढिकी, भ्याउ, पदमचाल, गुराँस, लप्सी, बेल आदि हुन् । हालसम्म यो शीर्षकमा कुनै राजस्व सङ्कलन भएको देखिदैन ।

#### सम्भावनाः

यस नगरपालिकामा लौठसल्ला, सुगन्धवाल, चिराईतो, जटामसी, धसिंगरे, कुटकी, पाखनवेद, कुरिलो, सतिवयर, नूनढिकी, भ्याउ, पदमचाल, गुराँस, लप्सी, बेल आदि प्रजातिका जडिबुटी पाइने भएकोले यहाँका प्रत्येक सामुदायिक वन क्षेत्रमा जडीवुटी खेतीलाई अझ बढी प्रवर्द्धन गरी बजारीकरण गर्न सकिने सम्भावना रहेको पाईन्छ । त्यसैगरी कवाडी मालसामानको निकासीबाट पनि राजस्व सङ्कलन हुने सम्भावना रहेको पाईन्छ । नगरपालिकाले हालसम्म जडिबुटीका लागि कर निर्धारण गरेको पाइदैन । डाबर नेपालले उग्रतारा जंगलमा जडिबुटी खेती गरेको छ भने केही किसानहरूले पनि जडिबुटी खेती शुरूवात गरेका छन् । यसले गर्दापनि यो नगरपालिकामा जडिबुटी व्यवसायिक खेतीको प्रचुर सम्भावना देखिन्छ । नगरपालिका क्षेत्रबाट करिब १०,००० किलो जडिबुटी सङ्कलन गर्न सकिने सम्भावनाको आंकलन गरिएको छ । विभिन्न प्रकारका जडिबुटीहरूको निकासी गर्दा औषतमा प्रति किलो रु १५ का दरले कर लगाउँदा रु १ लाख ५० हजार राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

#### सुधार गर्नुपर्ने  पक्षहरुः

कबाडी, जडिवुटी र जीवजन्तु कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- नगरपालिका क्षेत्रमा सङ्कलन तथा व्यवसायिक उपयोग हुने परिमाण सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने ।
- जडिबुटीको किसिम अनुसार करको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने ।

### (च) विज्ञापन कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (ग) मा विज्ञापन करको दर निर्धारण र सङ्कलन नगरपालिकाले गर्ने व्यवस्था रहेको छ । यस शीर्षक अन्तर्गत संकलित रकमको ४०% प्रदेश संचित कोषमा दालिखा गर्नु पर्दछ ।

**विद्यमान अवस्थाः**

यस नगरपालिकाको आर्थिक ऐनको दफा ८ मा नगरपालिका क्षेत्रभित्र विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिइने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची ७ बमोजिम विज्ञापन कर लगाइने व्यवस्था छ । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार घरजग्गा बहाल कर शीर्षकमा आ.व. २०७६/७७ मा रु. १० हजार राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भावना :**

नगरपालिका क्षेत्रमा हुने विज्ञापन सामाग्री सम्बन्धी आवश्यक यकीन तथ्याङ्क प्राप्त छैन । यस नगरपालिकाभित्र रहेका मुख्य व्यापारीक केन्द्रहरुमा पाँचखाल बजार तामाघाट, जिरोकिलो, लामिडाँडा, खाँवा बजार, तिनपिप्ले, पलाञ्चोक भगवती, बालुवा आदि रहेका छन् । यी क्षेत्रहरु विज्ञापनका लागि उपयुक्त रहेका छन् । नगरपालिकाको बजार क्षेत्रमा साना बोर्ड करिब १०० वटा, मझौला ५० वटा र ठूला साइजका बोर्ड करिब २५ वटा विज्ञापन राख्न सक्ने अनुमान गरिएको छ । सोही आधारमा ठुलो साइजको बोर्डको प्रति बोर्ड रू. १५००, मझौला खालको बोर्डको रू. १००० र साना बोर्डको रू. ५०० को दरले कर लगाई बिज्ञापन कर लिँदा रू. १ लाख ३७ हजार ५ सय रुपैया कर सङ्कलन अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका लागि उपयुक्त स्थानहरूको बारेमा तथ्याङ्क सङ्कलन गर्ने ।
- विज्ञापन प्रवर्धनका लागि राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय व्यवसायीसँग समन्वय र सहकार्य गर्ने ।
- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्याङ्क लगत राख्ने ।
- विज्ञापनका सामाग्रीको साइज (आकार) अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने ।

### (छ) साना सवारी कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (क) मा नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको सवारी करको दर निर्धारण तथा सङ्कलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

नगरपालिकाको आर्थिक ऐनको दफा ७ मा नगरपालिका क्षेत्रभित्रका टाँगा तथा रिक्सामा नगरपालिकाले सवारी साधन कर लगाउन सक्ने व्यवस्था गरेको छ । तर यस नगरपालिकामा हालसम्म साना सवारी कर शीर्षक अन्तर्गत राजस्व प्राप्त गरेको अवस्था देखिँदैन ।

**सम्भावनाः**

नगरपालिका क्षेत्रभित्र सडक बिस्तारको क्रममा रहेको र गाउँ जोड्ने सडकहरू पिच हुने अवस्थामा रहेको हुँदा यहाँका स्थानीयहरूले अटो रिक्शा किन्ने तथा भाडामा चलाउने क्रम बढ्दो छ । नगरपालिकाको आर्थिक ऐनमा अटो रिक्साको दर्ता, नविकरण, रुट प्रमिट गरी विभिन्न किसिमको सवारी कर लिने व्यवस्था गरेको छ । अतः अटो रिक्सा नविकरण तथा दर्ता गर्दा यस शीर्षकमा रू १ लाख कर सङ्कलन हुने अनुमान गरिएको छ ।

### ३.३.२ गैरकर राजस्व

नगरपालिकाको आन्तरिक राजस्वको महत्वपूर्ण स्रोत करको अलावा सेवा शुल्क, दस्तुर, बिक्रीबाट प्राप्त आय लगायतको गैरकर राजस्व पनि हो । यस नगरपालिकामा यस्ता गैर करका स्रोत परिचालनबाट पनि केही राजस्व सङ्कलन गर्न सक्ने देखिन्छ ।

**(क) बिक्रीबाट प्राप्त रकम (प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री)**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री नगरपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने र त्यसरी बिक्री गरिएको रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।

**विद्यमान अवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधनसँगै यस शीर्षकको राजस्व उठाउन नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । नगरपालिकाको आर्थिक ऐनको दफा १३ मा नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य बस्तुहरुमा बिक्री शुल्क लगाउन सक्ने व्यवस्था गरेको छ । तर नगरपालिकाले यसबाट राजस्व सङ्कलन गरेको कुनै अभिलेख देखिदैन ।

**सम्भावना :**

यस नगरपालिकाको डाँफे र भिकद्र खोलामा रहेका ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् गर्न सकिने देखिन्छ । नगरपालिका क्षेत्रभित्र सडक बिस्तार तथा मोटरेवल पुल निर्माण र नयाँ बजार केन्द्रहरु विकास हुँदै गइरहेको अवस्था हुनाले निर्माण सामग्रीको माग बढ्न सक्ने हुँदा ढुङ्गा, गिट्टी तथा बालुवाको माग बढ्ने देखिन्छ । अतः यस क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन गरी सोको आधारमा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् गर्न सकिने भएकोले यस शीर्षकबाट रू. ५ लाख ५० हजार उठ्न सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू :**

- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेका मापदण्डभित्र रहेर मात्र उत्खनन् तथा बिक्री कार्य गर्ने गराउने ।
- ठेक्का नलाग्ने अवस्था भएमा नगरपालिका आफैले सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- ठेक्का नलागुञ्जेलका लागि नगरपालिका स्वयम्ले रकम सङ्कलन गर्ने ।
- नगरपालिकाले आर्थिक ऐनमा नियम बिपरित सङ्कलन गर्ने ठेकदारलाई कारवाही, दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।
- सङ्कलन कार्यको नियमित रुपमा अनुगमन गरी मापदण्डभित्र मात्र रहेर उत्खनन् भए नभएको सुनिश्चित गर्ने ।

## (ख) बहाल बिटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउन सक्ने व्यवस्था छ भने दफा ९७ नगरपालिकाले आफ्नो क्षेत्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने जिम्मेवारी दिएको छ ।

### विद्यमान अवस्थाः

नगरपालिकाको आर्थिक ऐन को दफा १० मा नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका बमोजिमका सम्पत्तिहरुमा अनुसूची -९) मा उल्लेख भएअनुसारको दरमा बहाल बिरौटी शुल्क लगाउने कानुनी व्यवस्था रहेको छ । यस नगरपालिकामा हालसम्म बहाल बिटौरी शुल्क शीर्षक अन्तर्गत राजस्व प्राप्त गरेको अवस्था देखिदैन ।

### सम्भावना :

बहाल बिटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा बाटोको दायाँ बायाँ लगायत अन्य सरकारी जग्गामा बनेका संरचनाहरुको पहिचान गरी यसको सम्भावना पहिचान गर्नुपर्ने देखिन्छ । सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामित्व नेपाल सरकारको हुने भएतापनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रबन्ध सम्बन्धित नगरपालिकाले गर्नुपर्ने भएकोले नगरपालिका क्षेत्रभित्रका यस्ता जग्गाहरुको खोजि गरी लगत व्यवस्थापन गरी सो बमोजिम राजस्व असुली गर्नुपर्ने देखिन्छ । यसरी तथ्याङ्कहरू अध्यावधिक गरी यस शीर्षकमा रू. ५० हजार सङ्कलन गर्न सक्ने सम्भावना देखिन्छ ।

### सुधारका पक्षहरू:

- नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाहरुको खोजी गरी लगत व्यवस्थापन गर्नुपर्ने ।
- नगरपालिकाले सर्वप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

## (ग) वन पैदावर बिक्रिबाट प्राप्त शुल्क

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको १० प्रतिशत सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ ।

### विद्यमान अवस्थाः

यस नगरपालिकाले हालसम्म वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको राजस्व प्राप्त गरेको अवस्था देखिदैन । यस शीर्षकमा राजस्वको दर पनि निर्धारण गरिएको छैन । यस नगरपालिकाको कुल भू-भाग मध्ये वन क्षेत्रले ३२.५४ वर्ग कि.मि. भूभाग ओगटेको पाईन्छ । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार सामुदायिक वनले ओगटेको देखिन्छ । यस नगरपालिकाको क्षेत्रभित्र १६ वटा सामुदायिक वन रहेको र उक्त वनले कुल वनक्षेत्रको ७२.१७ प्रतिशत क्षेत्रफल ओगटेको पाइन्छ ।

**सम्भावनाः**

यस नगरपालिकामा १६ वटा सामुदायिक वन रहेको र ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्याङ्क नभएकाले वन पैदावारको परिमाण सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्ने हो भने यसबाट रु. १ लाख सङ्कलन हुनसक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- नगरपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख सङ्कलन गर्ने ।
- सामुदायीक वन पैदावर बिक्रि तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना नगरपालिकाले स्विकृत गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

## (घ) पाकिङ शुल्क

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० अनुसार नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ११ मा नगरपालिका क्षेत्रभित्र तोकेको कुनै पार्किङ स्थलमा सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउने व्यवस्था गरेको छ । यो नगरपालिकाले तोकेको पार्किङ क्षेत्रमा पार्किङ गरिने र बसपार्कमा गरिने पार्किङ वापत प्रति घण्टा सवारी साधानको प्रकार अनुसार रु. १० देखि रु. ४० सम्म शुल्क दर निर्धारण गरेको छ । नगरपालिकाले पलाञ्चोक भगवती पार्किङ क्षेत्रबाट राजस्व सङ्कलन गरेको पाईन्छ । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार पार्किङ शुल्क शीर्षकमा आ.व.२०७७/७८ मा रु. २ लाख ५० हजार २ सय ६७ रुपैया राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भावना :**

यसै नगरपालिकाको बिच भएर अरनिको राजमार्ग गएको छ भने यस क्षेत्रमा ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्र धेरै भएकोले नगरपालिकाको स्वामित्वमा रहेको पार्किङको बिस्तार गर्ने र बसपार्कमा हुने सवारी साधन पार्किङको अभिलेख अध्यावधिक गरी सबैबाट पार्किङ शुल्क सङ्कलन गर्न सकेको खण्डमा यसबाट थप राजस्व सङ्कलन हुने देखिन्छ । नगरपालिकाले सवारी साधन पार्किङको अभिलेख अध्यावधिक गरी पार्किङ शुल्कलाई कडाई गरेमा यो वापत रु. ३ लाख ५० हजार राजस्व सङ्कलन गर्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- यस नगरपालिकाको स्वामित्वमा रहेका जग्गामा पार्किङका लागि संरचना निर्माण गर्ने ।
- पार्किङ शुल्क असुली विधि छनोट र कार्यान्वयन गर्ने ।

### (ङ) दर्ता तथा अनुमति दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति तथा नवीकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ । यसरी व्यवसाय दर्ता, अनुमति तथा नवीकरण गर्दा नगरपालिकालाई शुल्क प्राप्त गर्न सकिन्छ ।

**विद्यमान अवस्था** :

स्थानीय तहले एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि दर्ता, अनुमति तथा नविकरण वापत दस्तुर सङ्कलन गर्न सक्दछन् । यस नगरपालिकाले यस प्रकारको करलाई समेत व्यवसाय करकै दायरामा लिई आर्थिक ऐनको अनुसूचि- ३ मा करको दायराहरू उल्लेख गरेको छ । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस शीर्षकमा आ.व. २०७६/७७ मा रु. ६ लाख ६२ हजार ४ सय ५५ रुपैया र आ.व. २०७७/७८ मा रु. ३ लाख ५४ हजार ६ सय ५० रुपैया राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भावना :**

यस नगरपालिका शहरीकरण उन्मुख भएको हुँदा व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरणबाट राजस्व सङ्कलनको राम्रो सम्भावना रहेको देखिन्छ । अतः व्यापारिक फर्महरुको अभिलेख अध्यावधिक गरी सञ्चालनमा रहेका फर्मको नविकरण र नयाँ सञ्चालनमा आउन चाहने फर्महरुलाई इजाजत वा अनुमती दिने प्रक्रियालाई व्यवस्थित गर्ने हो भने यसबाट रु. ५ लाख राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- व्यापारिक फर्म दर्ता तथा अनुमतीका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### (च) नक्सा पास दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर नगरपालिकाले तोकेबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

नगरपालिकाको आर्थिक ऐनको दफा १२ को सेवा शुल्क, दस्तुर अन्तर्गत अनुसूची ११ मा नक्सापास दस्तुर शीर्षकमा दर निर्धारण गरेको छ । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस शीर्षकमा आ.व. २०७६/७७ मा रु. २९ लाख ७० हजार ९ सय ११ रुपैया र आ.व. २०७७/७८ मा रु. ५२ लाख ५१ हजार १ सय ४६ रुपैया राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भावनाः**

यो नगरपालिका वि.सं. २०७२ सालको भूकम्पले क्षतिग्रस्त भएको हुँदा त्यस पश्चात् भूकम्प प्रतिरोधी घर निर्माण हुने क्रम बढेको देख्न सकिन्छ । नेपाल सरकारले दिएको मापदण्डमा रही यहाँका बासिन्दाहरुलाई भूकम्प प्रतिरोधी घर निर्माण गर्न प्रोत्साहन गरेको पाईन्छ । त्यसैगरी यो नगरपालिका शहरोन्मुख नगरपालिका भएको हुँदा यस क्षेत्रमा पक्की घरहरू निर्माण हुने क्रम बढ्दो छ । पहिलेनै बनेका घरहरूको अभिलेखीकरण तथा नयाँ बन्ने घरको नक्सापास गर्दा उल्लेख्य मात्रामा राजस्व सङ्कलन हुने देखिन्छ । त्यसैले नगरपालिकाले विगतमा प्राप्त गरेको राजस्वको विश्लेषण गर्दा पुराना घरको अभिलेखीकरण र नयाँ निर्माण हुने घरको नक्सा पास दस्तुरबाट रु. १ करोड राजस्व सङ्कलन हुने देखिन्छ ।

**सुधारका पक्षहरु**

- नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।
- नक्सा पास सम्बन्धी छुट्टै मापदण्ड बनाई सोही अनुसार नक्सापासको प्रावधान लागू गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्दै जाने ।
- नक्सापास लागू गर्नुपूर्व बनेका घरहरूको अभिलेखीकरणका लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।
- घर अभिलेखीकरणका लागि मालपोत सङ्कलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने ।

**(छ) सिफारिस तथा प्रमाणित दस्तुर :**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा नगरपालिकाले प्रचलित कानुन बमोजिम गर्ने सिफारिस तथा दफा १२ (ङ) मा वडाबाट सिफारिस तथा प्रमाणित गर्ने ३६ वटा विषयहरु उल्लेख भएका छन् । यी सिफारिस तथा प्रमाणित गरे वापत नगरपालिकाले दस्तुर प्राप्त गर्न सक्ने व्यवस्था छ ।

**विद्यमान अवस्थाः**

यस नगरपालिकाले विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत् दर निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट सङ्कलन गर्दै आएको छ । आर्थिक ऐनले सेवा शुल्क वापत (अनुसूचि ११) विभिन्न शीर्षकमा सिफारिस तथा बक्सौनी शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस शीर्षकमा आ.व. २०७६/७७ मा रु. ३७ लाख २३ हजार ९०० रुपैया र आ.व.२०७७/७८ मा रु. ४५ लाख ३१ हजार ८ सय ३७ रुपैया राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भावना :**

नगरपालिकाको आन्तरिक आम्दानीको स्रोतको रुपमा सिफारिस तथा प्रमाणित दस्तुरको महत्वपूर्ण योगदान रहेको पाईन्छ । यो नगरपालिकाको आम्दानीको नियमित स्रोत पनि हो । विगतमा यस शीर्षकमा भएको आम्दानीलाई विश्लेषण गर्दा विभिन्न शीर्षकमा गरिने सिफारिस तथा प्रमाणित दस्तुर वापत रु. ७५ लाख राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू :**

- सिफारिस वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको यकीन गर्ने वा पैसा तिरेको भौचर जाँच गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने ।
- विभिन्न किसिमका सिफारिस तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।

## (ज) पर्यटन शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, र्‍याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेकोछ ।

**विद्यमान अवस्था :**

यस नगरपालिकाको आर्थिक ऐनको दफा १२ को उपदफा १ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोईङ्ग, वञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग र प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा सहासिक खेलकुद सम्बन्धी सेवा शुल्क लगाउने व्यवस्था गरेको छ । तर यस नगरपालिकाले पर्यटन शुल्क शीर्षकमा राजस्व सङ्कलन गरेको देखिदैन ।

**सम्भावना :**

यो नगरपालिका पर्यटन विकासको सम्भावना बोकेको नगरपालिका हो । यस क्षेत्रभित्र ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व बोकेका केही स्थल तथा मन्दिरहरु रहेका छन । जसमध्ये पलाञ्चोक मन्दिर, दरवार, हिगी स्तुपा, कोशी नदी बगर, अनैकोट भ्यूटावर, निर्जलीय देबी मन्दिर मुख्य रहेका छन् । यी क्षेत्रहरुमा पिकनिक स्पट तयार गरी प्रवेश शुल्क सङ्कलन गर्न सकिने सम्भावना देखिन्छ । पिकनिक शुल्क, भ्यूटावर अवलोकन शुल्कलाई व्यवस्थित गर्न सकेको खण्डमा यस नगरपालिकाले पर्यटन शुल्क वापत रु. ३ लाख ५० हजार राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- पिकनिक स्पटका लागि सम्भाव्यता अध्ययन गरी पुर्वाधार विकास गर्ने ।
- पर्यटकीय सम्भावना भएका प्रमुख सार्वजनिक स्थलहरू पहिचान तथा सम्भाव्यता अध्ययन गरी नगरपालिकाको दिर्घकालिन आय आर्जन हुने संरचना विकास गर्ने ।

## (झ) व्यक्तिगत घटना दर्ता (बिलम्व) शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) च (३) मा नगरपालिकाले जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाईसराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन पर्दछ । त्यसैगरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा १७ (२) अनुसार नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्ने अधिकार प्राप्त

कर्मचारीले स्थानीय पञ्जिकाधिकारीको रुपमा कार्य गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा १९ (३) मा घटना घटेको ३५ दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए बमोजिम बिलम्व शुल्क लिने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :**

नगरपालिकाले आर्थिक ऐन मार्फत् व्यक्तिगत घटना दर्ता गराएवापत कार्यपालिकाको कार्यालय तथा वडाबाट बिलम्ब शुल्क तथा दस्तुर सङ्कलन गर्दै आएको छ । आर्थिक ऐनले सेवा शुल्क वापत (अनुशूची ११) मा व्यक्तिगत घटना दर्ता वापत बिलम्व दस्तुर रु. २००, व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रको प्रतिलिपि वापत रु. ५०० र व्यक्तिगत घटना दर्ता किताव हेरेवापत रु. २०० शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ । नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस शीर्षकमा आ.व.२०७६/७७ मा रु. १ लाख ३४ हजार ६ सय २० रुपैया र आ.व.२०७७/७८ मा रु. २ लाख ३५ हजार ७५ रुपैया राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भावना :**

व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क वापतको राजस्व नगरपालिकाको न्यून तर नियमित आय हुने शीर्षक अन्तर्गत पर्दछ । यस शीर्षकमा विगतमा प्राप्त राजस्वको विश्लेषण गर्दा रु. ३ लाख ५० हजार राजस्व सङ्कलन हुने सम्भावना रहेको देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- व्यक्तिगत घटना दर्ता (बिलम्व) शुल्कबाट प्राप्त आयको उचित रुपमा लेखा राख्ने ।
- नगरपालिकामा व्यक्तिगत घटना विशेष गरेर जन्मदर्ता गर्नको लागि प्रत्येक वडामा अभियानको रुपमा कार्यक्रम सञ्चालन गरी सबै बालबालिकाको राज्यबाट पाउने सुविधा र जन्मदर्ता हुन पाउने अधिकारको संरक्षण गर्न समेत उपयुक्त हुने ।
- विपन्न तथा सिमान्तकृत समुदायलाई बिलम्ब शुल्कमा विशेष व्यवस्था गर्ने ।

### (ट) सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरेवापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास जस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ । हालसम्म यस नगरपालिकामा नगरवासीले स्वविवेकले फोहोर मैला व्यवस्थापन गर्दै आएका छन् । त्यसैले नगरपालिका क्षेत्रभित्र तत्काल फोहोर मैला व्यवस्थापन सुरु गर्नुपर्ने आवश्यकता देखिन्छ । यस नगरपालिकाले आ.व. २०७७/०७८ मा एम्बुलेन्स सेवा सञ्चालन वापत रु. १ लाख ४ हजार ७०० रुपैया राजस्व सङ्कलन गरेको देखिन्छ ।

**सम्भावना :**

यस नगरपालिका क्षेत्रभित्र आवश्यक सेवाहरु पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग वापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क सङ्कलन गर्ने विधि निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यसैगरी फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइट निर्माण गरी फोहरमैला व्यवस्थापन शुल्क उठाउन सकिन्छ । नगरपालिकाले सेवा शुल्क शीर्षकबाट राजस्व प्राप्त गर्ने तथा अन्य सेवाहरु थप गर्दै सेवा शुल्कमा वृद्धि गर्ने समेत सम्भावना देखिन्छ । सेवा शुल्क सेवा दिए वापत लिइने भएकाले स्थानीय बासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुने भएकोले यस शीर्षकमा रु. २ लाख ५० हजार राजस्व सङ्कलन हुने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- फोहरमैला व्यवस्थापनको लागि डम्पिङ् साईटको सम्भाव्य स्थलको खोजि गरी डम्पिङ् साइट निर्माण गर्ने ।
- विभिन्न किसिमका सेवा वापत लिने शुल्कको दर आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- तथ्याङ्क तथा अभिलेख प्रक्रियालाई व्यवस्थित गर्ने ।

# परिच्छेद चार – आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई मुख्य रुपमा व्याख्या गरिएको छ । यस विश्लेषणबाट नगरपालिकाको थप आय सङ्कलनको लागि तथा संस्थागत क्षमतामा सुधार गर्नका लागि आवश्यक सहयोग पुग्ने देखिन्छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

राजस्व परामर्श समितिले समितिमा छलफल गरी सर्वसम्मतिले आवश्यकता अनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू नगरसभा समक्ष पेश गर्ने गरेको छ । नगरपालिकाले विशेष गरी सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजस्व अभिवृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने नीति लिएको छ । नगरपालिकाले आन्तरिक राजस्व परिचालन सम्बन्धमा लिएका नीतिहरु यसप्रकार रहेका छन्:

- आन्तरिक स्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करमा दायरा बिस्तार, कानुन बमोजिम तोकिएको कर राजस्व रोयल्टी, बिक्रि तथा निकासी र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।
- नगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ति कर, बहाल कर, व्यवसाय कर र विज्ञापन तथा अन्य करलाई एकिकृत रुपमा आवद्ध गरिएको थियो ।
- पर्यटन व्यवसाय, कृषि व्यवसाय तथा कृषिसँग सम्बन्धित कार्य गर्ने व्यक्ति, समूह तथा सहकारी संस्थाहरु साथै पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग, समुदाय र फरक क्षमता भएका मानिसहरूको सिफारिस शुल्क, दर्ता शुल्क तथा नविकरण शुल्कमा केही छुट गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रदुषणजन्य उद्योग तथा व्यवसायमा थप शुल्क लगाउने व्यवस्थालाई निरन्तरता दिइनेछ । आधुनिक वातावरणमैत्री इट्टाभट्टा लगायतका उद्योग तथा व्यवसाय स्थापना र सञ्चालनका लागि कर छुट दिने नीति लिइनेछ ।
- करलाई पारदर्शी र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधि निर्देशिका र सहकार्यलाई लगिनेछ । सम्पूर्ण करदातालाई स्वःस्फुर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएकोछ भन्ने अनुभूति दिलाउन प्रगति विवरण प्रकाशन गरिएको थियो । नियमित र बढी कर तिर्ने करदातालाई सम्मान गर्ने परम्परा अझ व्यवस्थित ढंगले अगाडि बढाइने छ ।
- नगरपालिकाको स्वामित्वमा भोगाधिकार रहेको र नगरपालिकाले संरक्षण र परिचालन गर्नसक्ने भवन, जग्गा जमिन, पार्क, तरकारी बजार तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी राजस्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिएको थियो । यस्ता स्रोतको परिचालन गर्दा प्रतिस्पर्धात्मक पद्धतिको अवलम्वन गर्न जोड दिइनेछ ।

### ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका क्रममा नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुसँग कार्ययोजना निर्माणको प्राविधिक सहयोग परामर्शदाताबाट खटिएका टोलीबिच स्थलगत अध्ययनको समयमा यस नगरपालिकाको राजस्व परिचालन सम्बन्धी नीतिका

विषयमा भएको छलफल तथा अन्तक्रिया गरी राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषणलाई तालिका नं. ८ मा देखाइएको छ ।

तालिका ८: राजस्व परिचालनको संस्थागत तथा नीतिगत विश्लेषण

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| **क) संगठनात्मक व्यवस्था** | | |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ कि छैन ? | छ | थप व्यवसथित गर्नुपर्ने । |
| राजस्व शाखामा कुन तहका कति दरवन्दी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | २ जना (वरिष्ठ राजस्व सहायक र सहायक पाँचौं) | कर्मचारीको दरबन्दी बढाउनु पर्ने । |
| राजस्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ की छैन ? | छैन | कार्य विवरण अनुसार कार्य तोकिनु पर्ने । |
| कर्मचारीहरुलाई उनीहरूको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | छैन | कर्मचारीलाई लिखित कार्य विवरण अनुसार जिम्मेवारी तोकिनु पर्ने । |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | स्थान पर्याप्त नभएको, यातायात र मसलन्द आवश्यक | आवश्यकता अनुसार स्थान, यातायात, फर्निचर, मसलन्दको व्यवस्था गर्नुपर्ने |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवेयर, एसएमएस, इमेल, टेलिफोन आदि) | सामान्य | कर्मचारीलाई सूचना प्रविधिको प्रयोगसम्बन्धी क्षमता विकास तालिमको व्यवस्था गर्नुपर्ने । |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | छैन | तालिमको व्यवस्था गर्नुपर्ने । |
| राजस्व परिचालनका लागि वडा लाई दिईएको जिम्मेवारी के छ ? | घटना दर्ता, सम्पत्ति कर तथा मालपोत कर, सिफारिस आदि | |
| **ख) राजस्व प्रशासन सञ्चालनको अवस्था** | | |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | छ | करदाता विवरण अद्यावधिक गर्नुपर्ने । |
| गाँउ/नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरूको विवरण तथा सोको परिचालन कस्तो छ ? | स्थायी सम्पत्ति नभएको | |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सही रूपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | सामान्य | सेवा, वस्तु र समय अनुसार मूल्याङ्कन हुनुपर्ने |
| चुहावट हुन सक्ने सम्भावनाहरू के- के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | छैन | आवश्यक कानुनी व्यवस्था गर्दै कर प्रशासनलाई दुस्तदुरुस्त तुल्याउन उत्प्रेरणात्मक र दण्डात्मक दुबै तरिकाहरु अवलम्बन गर्नुपर्ने |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | आवश्यकता हेरी जरिवाना | कार्यवाहीका लागि नियम बनाउनु पर्ने |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| समयमा तिर्नेलाई छुट र ढिलो बुझाएमा जरिवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | छुटको व्यवस्था रहेको | छिटो कर तिर्दा छुट र तोकिएको समयभित्र नतिर्दा जरिवानाको व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्नुपर्ने |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | भएको (एफ.एम रेडियो मार्फत) | करदाता शिक्षालाई व्यापक गर्दै कर सम्बन्धी सचेतनाको विकास गर्ने |
| गाँउ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्न सक्ने व्यवस्था के-कस्तो छ ? | व्यवस्था भएको | गुनासो वा उजुरीको सुनुवाई प्रभावकारी कार्यान्वयन हुनुपर्ने |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष्य तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | आवश्यकता अनुसार अनुगनमन हुने (प्रशासकीय प्रमुखबाट) | कार्यकारी प्रमुख तथा राजस्व परामर्स समितिद्वारा अनुगमन गर्ने व्यवस्था गर्नुपर्ने |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | छैन | सार्वजनिक निजी साझेदारी अवधारणाको नीतिगत व्यवस्था गर्नुपर्ने |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, वेब साईट आदि) | समाजिक संजाल मार्फत प्रचारप्रसार जानकारी | करदाता शिक्षालाई व्यापक गर्दै कर सम्बन्धी सचेतनाको विकास गर्ने |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | उद्योग वाणिज्यसँग छलफल हुने | |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? (बैठक संख्या, निर्णयहरु आदि) | आवश्यकता अनुसार | राजस्व परामर्श समिति बैठक नियमित बस्नु पर्ने तथा निर्णयहरु सार्वजनिक गर्नुपर्ने । |
| राजस्व असुलीमा सरोकार पक्षहरूको सकारात्मक सहभागिताको अवस्था कस्तो छ ? | ठिकै | सरोकारवाला पक्षहरुको सहभागीतालाई ध्यान दिनुपर्ने । |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | आवश्यकता अनुसार हुने गरेको | राजस्व शाखालाई सहयोग गर्ने वातावरण बनाउनु पर्ने । |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | छ | सफ्टवेयर प्रणाली मार्फत थप व्यवस्थित गर्नुपर्ने । |
| नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन ? | सार्वजनिक हुने गरेको | निरन्तरता दिनुपर्ने । |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी सम्बोधन भएका छन् ? | आयको आलेप तथा मलेप हुने गरको | शुन्य वेरुजुको अवधारणा अवलम्बन गर्नुपर्ने । |

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

आन्तरिक राजस्वलाई प्रभावकारी रुपमा सङ्कलन गर्ने भूमिका राजस्व प्रशासनको भएकाले राजस्व सङ्कलनका लागि नगरपालिकाको संस्थागत अवस्था र क्षमताका विषयमा विश्लेषण गरिएको छ।

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। यस समितिले राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ। यस नगरपालिकाको स्थानीय राजस्व परामर्श समिति तालिका नं. ९ मा देखाइएको छ।

तालिका ९: राजस्व परामर्श समिति

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री लक्ष्मी दनुवार | उपाध्यक्ष | संयोजक |
| २ | श्री शिवप्रसाद हुमागाई | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री राजन कार्की | वडा अध्यक्ष | सदस्य |
| ४ | श्री जमुना विक | कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री सत्रुघन दनुवार | कार्यपालिका सदस्य | सदस्य |
| ६ | श्री पुष्पमाया दनुवार | राजस्व शाखा प्रमुख | सदस्य सचिव |

यस नगरपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि नगरपालिका उपाध्यक्ष श्री लक्ष्मी दनुवारको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक बसी आवश्यक निर्णयहरु हुने गरेको देखिन्छ। राजस्व परामर्श समितिको बैठकमा सरोकारवाला पक्षको सहभागिता हुन सकेको देखिदैन। साथै राजस्व परामर्श समितिका सदस्यहरुलाई राजस्वका स्रोतगत आधारमा वस्तुपरक अनुमान गर्ने, स्रोतहरु पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी कार्यन्वयन गर्ने सम्बन्धमा क्षमता विकास गर्न आवश्यक देखिन्छ।

### ४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन

यस नगरपालिकाको संगठन संरचनामा राजस्व प्रशासन शाखाको व्यवस्था गरिएको छ। हाल यस शाखामा वरिष्ठ राजस्व सहायक शाखा प्रमुख भई राजस्व प्रशासन सम्बन्धी कामकाज हुदै आएको अवस्था छ। हाल यस शाखामा २ जना कर्मचारी कार्यरत रहेको पाईन्छ। कार्यकक्ष तथा कार्यस्थलको पर्याप्तताका साथै फर्निचर, कम्प्युटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरुको सामान्य व्यवस्था भएको देखिन्छ। यस शाखामा पर्याप्त संख्यामा आवश्यक कर्मचारी तथा सफ्टवेयरको व्यवस्था भएको देखिदैन।

तालिका १०: राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | पुष्पमाया दनुवार | वरिष्ठ राजस्व सहायक | राजस्व शाखा प्रमुख |
| २. | गंगा ढकाल | सहायक पाँचौं | राजस्व शाखा |

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन

नगरपालिकालाई आन्तरिक आय परिचालनसम्बन्धी प्राप्त कानुनी अधिकार अनुसार आन्तरिक आय परिचालनको अवस्थालाई यहाँ विश्लेषण गरिएको छ । यस नगरपालिकामा सम्भावना भएका आन्तरिक आयका शीर्षकहरूको सम्भाव्यता, दरको निर्धारण तथा सङ्कलनको अवस्थालाई तालिका नं. ११ मा प्रस्तुत गरिएको छ ।

तालिका ११: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था (भएको/नभएको) | सङ्कलन (भएको/नभएको) |
|---|---|---|---|---|
| **(क) कर तर्फ** | | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | भएको | भएको (केहि मात्रामा) |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको (केहि मात्रामा) |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडीबुटी, कबाडी र जीवजन्तु कर | छ | भएको | नभएको |
| ७ | विज्ञापन कर | छ | भएको | भएको |
| ८ | मनोरञ्जन कर | छ | भएको | नभएको |
| **(ख) अन्य राजस्व** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छ | भएको | नभएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | भएको | नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्रि वापतको आय | छ | भएको | नभएको |
| ४ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ५ | व्यक्तिगत घटना बिलम्ब दर्ता शुल्क | छ | भएको | भएको |
| ६ | बहाल बिटौरी शुल्क | छ | नभएको | नभएको |
| ७ | पार्किङ्ग शुल्क | छ | भएको | भएको (पलाञ्चोक भगवती) |
| ८ | अस्पताल सञ्चालन | छ | नभएको | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| १० | स्थानीय खानेपानी महसुल | छ | नभएको | नभएको |
| ११ | स्थानीय विद्युत् महसुल | छ | नभएको | नभएको |
| १२ | केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, बन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | छ | नभएको | नभएको |
